नेपालको पहिलो बैंक

नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था

# नेपाल बैंक लिमिटेड
# NEPAL BANK LIMITED

स्थापित वि.सं. १९९४

धर्मपथ, काठमाडौं

## नेपाल बैंक लिमिटेडको स्वामित्वमा रहेको डिप्रोक्स लघुवित्त विकास बैंक लिमिटेडको साधारण शेयर बिक्री गर्नका लागि गोप्य शिलबन्दी बोलपत्र आह्वान सम्बन्धि सूचना

**शिलबन्दी बोलपत्र पेशगर्ने शुरु मितिः २०७४।०५।१५**
**शिलबन्दी बोलपत्र पेशगर्ने अन्तिम मितिः २०७४।०६।०४**

नेपाल बैंक लिमिटेडको स्वामित्वमा रहेको डिप्रोक्स लघुवित्त विकास बैंक लिमिटेडको सर्वसाधारण समूहको १,८०,३७८ कित्ता साधारण शेयरहरु बोलकबोल प्रकृयाबाट बिक्री गर्ने यस बैंकको निर्णयानुसार उक्त शेयरहरु खरीद गर्न इच्छुक व्यक्ति, कम्पनी, संघ संस्थाहरुले प्रति कित्ता रु. १२००/- (अक्षरेपी वाह्रसय मात्र) मा नघट्ने गरि यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र प्रति कित्ता के कति दर भाउमा लिन कबुल गर्ने हो तल उल्लेखित शर्तहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र आवेदन पेश गर्न सम्बन्धित सबैमा आव्हान गरिन्छ।

**शर्तहरुः**

१. बोलपत्र आवेदन फाराम बिक्री प्रबन्धक श्री सिद्धार्थ क्यापिटल लिमिटेडबाट प्राप्त गर्न सकिनेछ।

२. बोलपत्र आवेदन फाराममा आफूले लिन चाहेको शेयर कित्ता संख्या, प्रति कित्ताको दर रेट अंक र अक्षरमा स्पष्टसँग लेख्नु पर्नेछ। अंक र अक्षरमा लेखेको फरक भएमा अक्षरमा लेखेकोलाई मान्यता दिइने छ। केरमेट भएको ठाउँमा दस्तखत गर्नु पर्नेछ। धेरै नै केरमेट भई कबुल गरेको मूल्य रकम नबुझिने गरी पेश गरेको बोलपत्रलाई मान्यता दिइने छैन। एक व्यक्ति वा संगठित संस्था/कम्पनीले एक भन्दा बढी आवेदन पेश गर्न सक्नेछन्।

३. शेयरको न्यूनतम मूल्य प्रति शेयर रु. १२००/- (वाह्रसय) तोकिएको हुँदा उक्त मूल्य भन्दा कम मूल्य अंकित गरी पेश गरेको आवेदनलाई बोलकबोल मूल्यांकनमा समावेश गरिने छैन।

४. शेयर खरीदको लागि बोलकबोल गर्दा न्यूनतम १०० कित्ता वा सो भन्दा माथि १० ले भाग जाने गरि अधिकतममा सम्पूर्ण १,८०,३७८ कित्ताका लागि आवेदन दिन सकिनेछ। रु.१० लाखसम्मको आवेदन दिनेले स्वेच्छिक रुपमा र रु.१० लाख भन्दा बढी रकमको आवेदन दिनेले अनिवार्य रुपमा आफ्नो प्यान नं. आवेदन फारममा उल्लेख गर्नुपर्नेछ।

५. शिलबन्दी खाम बाहिर **"डिप्रोक्स लघुवित्त विकास बैंक लिमिटेडको साधारण शेयर खरिद आवेदन फारम"** उल्लेख भएको हुनु पर्नेछ। शिल्ड बोलपत्र लाहाछाप गरिएको हुनुपर्नेछ।

६. बोलपत्रवालाले आफुले खरीद गर्न चाहेको शेयरको जम्मा मूल्यको सम्पूर्ण रकम सिद्धार्थ बैंक लिमिटेड, हात्तिसार, काठमाण्डौमा रहेको सिद्धार्थ क्यापिटल लिमिटेडको खाता नं. ००११५२०७२८१ वा सिद्धार्थ क्यापिटल लिमिटेडको नाममा खिचिएको Good for payment cheque/Manager's cheque/Draft शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मितिको तोकिएको समय सम्ममा संलग्न गरी बोलपत्र पेश गर्नुपर्नेछ।

७. सबैभन्दा बढी मूल्यमा बोलकबोल गर्ने आवेदकलाई शेयर बिक्री गरिनेछ। यसबाट पनि शेयर बाँकी रहेमा त्यस पछिको बढी कबोल गर्नेलाई बिक्री गरिनेछ। बोलकबोलमा शेयर बिक्री गर्दै जाँदा अन्तिम मूल्यमा दुई वा दुई भन्दा बढी आवेदकहरु पर्न गएमा बोलकबोलबाट बाँकी भएको शेयरहरु माग भएको शेयर संख्याको सापेक्षिक भार अनुसार दामासाहीले बाँडफाँड गरिनेछ।

८. कम्पनीको विद्यमान शेयरधनीले शेयर खरिदको लागि आवेदन पेश गरेको अवस्थामा शेयरधनी नम्बर उल्लेख गर्नुपर्नेछ।

९. बोलपत्रवालाले कुनै शर्त राखी पेश गरेको बोलपत्रलाई मान्यता दिईने छैन।

१०. यस शेयरको लागि पेश गरिएको शिलवन्दी आवेदन मिति २०७४।०६।०४ गते बुधवार अपरान्ह ३.०० बजे भित्र सिद्धार्थ क्यापिटल लिमिटेडको नारायणचौर, नक्साल, काठमाण्डौमा दर्ता भई सक्नुपर्नेछ।

११. बोलपत्र मिति २०७४।०६।०६ गते शुक्रबार विहान ७.०० बजे बिक्री प्रबन्धकको कार्यालयमा बोलपत्रवाला वा निजको प्रतिनिधिको उपस्थितिमा खोलिने छ। बोलपत्रवाला वा निजको प्रतिनिधि उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन। उक्त दिन बिदा परेमा कार्यालय खुलेको दिन बिहान ७.०० बजे खोलिनेछ।

१२. म्याद नाघी आएको वा रीत नपुगेको आवेदन उपर कुनै कारवाही गरिने छैन।

१३. आवेदनका साथ देहायका कागजात संलग्न गर्नुपर्नेछ।
   (क) आवेदक प्राकृतिक व्यक्ति भएमा आवेदनका साथ एक प्रति फोटो, आवेदक स्वयंले प्रमाणित गरेको नागरिकता प्रमाणपत्रको प्रतिलिपि तथा सदस्य दलालकहा ग्राहक खाता खोल्न आवश्यक ग्राहक परिचय विवरण तथा शेयर खरिद/बिक्री आदेश पत्र।
   (ख) आवेदक संगठित संस्था/कम्पनी भएमा कम्पनीको दर्ता प्रमाणपत्र, शेयर खरीद गर्ने सम्बन्धमा सो संस्थाको संचालक समितिको निर्णयको प्रतिलिपि तथा सदस्य दलालकहाँ ग्राहक खाता खोल्न आवश्यक ग्राहक परिचय विवरण तथा शेयर खरिद/विक्री आदेश पत्र।

१४. बोलपत्र स्वीकृत भएको खण्डमा बोलपत्र स्वीकृतिको जानकारी सम्बन्धित बोलपत्रवालालाई सार्वजनिक सूचना प्रकाशित गरी जानकारी गराइने छ।

१५. स्वीकृत बोलपत्रवालालाई बाँडफाँट गर्न यस बैंकले निर्णय गरेको ३ कार्य दिन देखि बाँडफाँटमा नपरेका आवेदकहरुबाट प्राप्त रकम सिद्धार्थ क्यापिटल लिमिटेडबाट फिर्ता भुक्तानी शुरु गरिने छ।

१६. आवेदक प्रचलित कानुन बमोजिम कम्पनीको शेयर खरिद गर्न योग्य हुनु पर्नेछ। संगठित संस्था/कम्पनीको हकमा प्रबन्धपत्र नियमावलीमा शेयर खरिद बिक्री गर्न सक्ने व्यवस्था रहेको हुनुपर्नेछ। साथै बोलकबोल शेयरको लागि गरेको लगानीको स्रोतको वैधानिकता आवेदक स्वयंले सावित गर्नुपर्नेछ र नियमन निकायबाट माग भई आएको खण्डमा उक्त लगानीको श्रोत उपलब्ध गराउन मञ्जुर हुनुपर्नेछ।

१७. यस बोलकवोल प्रकृयाबाट बाँडफाँट पश्चात् शेयर नामसारी सम्बन्धी सम्पूर्ण कारवाही प्रचलित कानुन बमोजिम हुनेछ। शेयर खरिद कारोवार तथा नामसारी गर्दा तिर्नु बुझाउनुपर्ने ब्रोकरेज लगायत सम्पूर्ण दस्तुर र शुल्क आवेदक स्वयंले व्यहोर्नु पर्नेछ।

१८. बाँडफाँटमा परेका आवेदकहरुलाई आवेदककै हितग्राही खातामा शेयर नामसारी गरिने हुँदा आवेदनमा हितग्राही खाता अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ। हितग्राही खाता नहुने आवेदकले सिद्धार्थ क्यापिटल लिमिटेड, सिद्धार्थ बैंकको कुनै पनि शाखा कार्यालय वा आधिकारीक निक्षेप सदस्य कहाँ नागरिकताको प्रमाणपत्र तथा हालसालै खिचिएको फोटो सहित सम्पर्क गरि हितग्राही खाता खोल्न सक्नुहुनेछ।

१९. प्राप्त बोलपत्रहरु कुनै कारण खुलाई वा नखुलाई पूर्ण वा आंशिकरुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस बैंकमा रहनेछ।

**बिक्री प्रबन्धकः**

**Siddhartha Capital Limited**
Investing happiness

पो.ब.नं. २१२००, नारायणचौर, नक्साल, काठमाडौं
फोनः ४४२०९२४/४४२०९२५ फ्याक्सः ४४२०९२९
वेबसाईटः www.siddharthacapital.com
इमेलः scl@siddharthacapital.com

मिति २०७४ भाद्र १५ गतेको गोरखापत्र, कारोबार र आर्थिक अभियानमा प्रकाशित गर्ने